नेपाल सरकार

## ससामान्य प्रशासन मन्त्रालय

# निजामती कर्मचारी अस्पताल

## मीनभवन, काठमाण्डौ

३) उम्मेदवार हुनका लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

क) दरखास्त दिने अन्तिम मिति सम्म अधिकृत तहको पदको लागी २१ वर्ष पूरा भएको तथा सहायक तहको पदको लागि १८ वर्ष पूरा भएको ।

ख) फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

ग) भविष्यमा अयोग्य ठहरिनेगरी सेवाबाट बरखास्त नभएको ।

घ) स्वास्थ्य सम्बन्धि प्राविधिक पदको हकमा सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको र नवीकरण भएको ।

ङ) पुरुष उम्मेदवारको हकमा ४० वर्ष र महिला उम्मेदवारको हकमा ४५ वर्ष पूरा नभएको ।

च) नेपाली नागरिक भएको ।

४) परीक्षा दस्तुर अधिकृत तहको लागि रु. १०००।- (समावेशी समूहको लागि थप रु १०००।– लाग्नेछ)

सहायक तहको लागि रु. ५००।- (समावेशी समूहको लागि थप रु ५००।- लाग्नेछ)

**(परीक्षा दस्तुर कृषि विकास बैङ्क लि. खाता नं. ०२१०२०००५३७८३०१७ मा यस निजामती कर्मचारी अस्पतालको नाममा दाखिला गर्नुपर्ने छ ।)**

५) सम्पर्क मिति :- २०७५/०४/०१ गते (परिक्षा मिति, समय र स्थान सम्पर्क मितिमा तोकिने छ)

६) पाठ्यक्रम :-रजिष्ट्रार पदको लागी लोकसेवा आयोगद्धारा निर्धारित सम्बन्धित पदको अधिकृत नवौं तहको दोस्रो पत्र (१००–(१०×१०) पूर्णाङ्कको विषयगत/ समय २ घण्टा) अनुसार हुनेछ । स्टाफ नर्स पदको लागी लोकसेवा आयोगद्धारा निर्धारित सम्बन्धित पदको पाठ्क्रम अनुसार(१००-(५०×२ ) पूर्णाङ्कको वस्तुगत/ समय ४५ मिनेट) हुनेछ र लेखा उपसहायक पदको लागी अस्पतालको Website मा राखिए अनुसार हुनेछ ।

७) परिक्षाको किसिम- लिखित र अन्तर्वार्ता ।

८) समावेशी समूह भित्र फारम भर्ने उम्मेदवारहरुले प्रत्येक समावेशी समूहका उम्मेदवारहरुका लागि दरखास्त फारमको पहिलो पाना छुट्टै भरी प्रवेश पत्रमा समेत समुह खुलाउनु पर्नेछ तर रोल नं. र प्रवेश पत्र भने एउटा मात्र प्रदान गरिनेछ ।

९) समावेशी समूहका उम्मेदवारहरुले कुनै एक समावेशी समूहमा मात्र उम्मेदवार हुन पाउनेछन् । यसअघि समावेशी तर्फबाट सरकारी वा अन्य सेवामा बहाल रहने अवसर नपाएको हुनुपर्ने ।

१०) समावेशी उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु :-

क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको ।

ख) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम संस्थाबाट मधेसी भनी प्रमाणित भएको । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको ।

ग) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

ङ) पिछडिएको क्षेत्रका लागि तोकिएको जिल्ला ( अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला ) मा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउं विकास समिति वा नागरपालिकाबाट दरखास्त पेश गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गराई दरखास्त साथ पेस गुर्न पर्नेछ ।

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
निजामती कर्मचारी अस्पताल
मिनभवन, काठमाण्डौ